नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
# प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम
(PLGSP)
## कार्यक्रम समन्वय इकाई

प.सं. : ०८२।८३
च.नं. : ६४

सिंहदरबार, काठमाडौं

मिति : २०८२/०७/१२

श्री स्थानीय तह(सबै)

**विषयः सूचना प्रविधि अधिकृत सेवा करार र कार्यविधि कार्यान्वयन सम्बन्धमा ।**

प्रस्तुत विषयमा विभिन्न स्थानीय तहहरुबाट सूचना प्रविधि अधिकृतको सेवा करारका सम्बन्धमा थप स्पष्टताका लागि लेखी आएकोले यो पत्र लेख्ने काम हुँदैछ।

स्थानीय तहबाट प्रदान गरिने सेवा प्रवाहलाई छिटो, छरितो र चुस्त बनाउने तथा सार्वजनिक सेवामा आम जनताको पहुँच वृद्धि गर्दै विद्युतीय शासनको राष्ट्रिय नीति तथा लक्ष्यलाई स्थानीयकरण गर्ने उद्देश्यका साथ यस PLGSP कार्यक्रम र स्थानीय तहको लागत साझेदारीमा सबै स्थानीय तहमा सूचना प्रविधि अधिकृतहरुको करार नियुक्ति र परिचालनको सहजतका लागि "स्थानीय तहमा सूचना प्रविधि अधिकृत परिचालन सम्बन्धी कार्यविधि, २०८२" स्वीकृत भई कार्यान्वयनमा रहेको व्यहोरा विदितै छ।

उक्त कार्यविधि अनुरुप विगतदेखिको लागत साझेदारीलाई कार्यक्रम अवधिसम्मका लागि निरन्तरता दिईएको र तोकिए बमोजिम सेवा करारमा राखिएका सूचना प्रविधि अधिकृतको हकमा स्थानीय तहहरुले उपलब्ध गराएको विवरणका आधारमा चालु आर्थिक वर्षका लागि पनि आवश्यक सोधभर्ना रकम कार्यविधिको दफा १४(५) बमोजिम दुई किस्तामा उपलब्ध गराईने भएकाले सोही बमोजिम गर्नु गराउनुहुन निर्णयानुसार अनुरोध छ।

०८२/७/१२

(निरोज घिमिरे)
प्रशासकीय अधिकृत

फोन : ५३५७३८९, ५३५७५९६, वेवसाइटः www.plgsp.gov.np, इमेलः pcu@plgsp.gov.np